***नेपाल उद्योग वाणिज्य महासंघको ५१ औं वार्षिक साधारण सभाको समुद्घाटन समारोहमा वरिष्ठ उपाध्यक्ष श्री भवानी राणाले दिनु भएको धन्यवाद मन्तव्य ।***

यस सभाका सभाध्यक्ष एवं महासंघका अध्यक्षज्यू
प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू
माननीय मन्त्रीज्यूहरु
संवैधानिक अंगका प्रमुखज्यूहरु
राजनीतिक दलका नेताहरुज्यूहरु
महामहीम राजदूतज्यूहरु
वैदेशिक नियोग एवं अन्तराष्ट्रिय संस्थाका प्रतिनिधिज्यूहरु
नेपाल सरकारका मुख्य सचिवज्यू, सचिवज्यूहरु तथा उच्चपदस्थ अधिकृतज्यूहरु
यस वार्षिक साधारण सभामा भाग लिन आउनु मुख्य प्रतिनिधि, प्रतिनिधिज्यूहरु,
सदस्य संघका संस्थाका अध्यक्षज्यूहरु, पदाधिकारीज्यूहरु
उद्योगी व्यवसायी मित्रहरु,
ट्रेड यूनियन महासंघका अध्यक्ष एवम् नेताज्यूहरु
समारोहमा पाल्नु भएका विशिष्ट अतिथिज्यूहरु
संचार क्षेत्रका मित्रहरु
महिला तथा सज्जन वृन्द,

१) नेपालको निजी क्षेत्रको संघीय प्रतिनिधिमुलक संस्था नेपाल उद्योग वाणिज्य महासंघको ५१ औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस २०७३ को समुद्घाटन समारोहमा प्रमुख अतिथिज्यू सहित सम्पूर्ण उपस्थित अतिथिगणमा महासंघका तर्फबाट म हार्दिक आभार प्रकट गर्दछु । समुद्घाटन समारोहमा सवै अतिथिज्यूहरुमा धन्यवाद टक्र्याउन पाउँदा

आफूलाई गौरवान्वित महसुस गरेको छु । यस अवसरमा म सम्पूर्ण अतिथिगणहरुमा न्यानो अभिवादन गर्दछु ।

२) आफ्नो अति कार्य व्यस्तताको वावजुद हाम्रो निमन्त्रणालाई स्वीकार गरि यस समारोहको समुद्घाटन सहित समारोहलाई सम्बोधन गर्दै निजी क्षेत्रलाई आफ्नो कर्मपथमा उत्साहका साथ लाग्ने प्रेरणा दिनु भएकोमा सम्माननीय प्रधानमन्त्रीज्यूमा नेपाल उद्योग वाणिज्य महासंघ एवं मुलुकभरका सम्पूर्ण उद्यमी व्यावसायीहरुको तर्फबाट आभार सहित हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

३) यसैगरी आजको यस समारोहमा गरिमा बढाई दिनु भएकोमा माननीय मन्त्रीज्यूहरु, नेताज्यूहरु, संवैधानिक अंगका प्रमुखज्यूहरु, नेपाल सरकारका उच्चपदस्थ अधिकृतज्यूहरु, महामहिम राजदूतज्यूहरु, कुटनीतिक नियोगका पदाधिकारीज्यूहरु, महासंघका पूर्व अध्यक्षज्यूहरु, पदाधिकारीज्यूहरु, कार्यकारिणी समितिका सदस्यज्यूहरु, राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका प्रतिनिधिज्यूहरु, मुलुकभरबाट महासंघको साधारण सभामा भागलिन आउनु भएका मुख्य प्रतिनिधिज्यूहरु, अतिरिक्त प्रतिनिधिज्यूहरु, महासंघका सवै सदस्य संघ संस्थाका अध्यक्ष एवं पदाधिकारीज्यूहरु, सभामा भागलिन आउनु भएका उद्यमी व्यवसायी, संचारकर्मी मित्रहरु सहित सम्पूर्ण अतिथिगणमा यहांहरुको गरिमामय उपस्थितिप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

४) हुन त म यहाँ, समुद्घाटन समारोहको अन्त्यमा धन्यवाद मन्तव्यका लागि उपस्थित भएको हुँ । महासंघका अध्यक्षज्यूको यसअघिको स्वागत मन्तव्यमा समग्र निजी क्षेत्रको धारणा प्रस्तुत भएकै छ । तैपनि यस गरिमामय समारोहको भरपुर उपयोग गर्दै मेरा केही धारणा राख्ने अनुमती चाहान्छु ।

५. मेरा अध्यक्षज्यूका संवोधनमा समेट्न नसकिएका केही महत्वपूर्ण विषयहरुलाई यस गरिमाय समारोहमा राख्दै हाम्रा धारणालाई पुरा गर्ने जमर्को गर्नेछु ।

६. आर्थिक विकासका लागि अनेकन किसिमका वाधा अड्चन समस्या छन् त्यसमा हामी सवै भुक्त भोगी भैसकेका छौं । तर समस्या छन्, बाधा अड्चन छन् भनेर हामी चुपलागेर बस्न सक्ने अवस्था पनि छैन । हाम्रो देश बनाउने त हामीले नै हो । जतिसुकै बाह्य लगानीका कुरा गरिएपनि स्वदेशी लगानी प्रोत्साहित नभएसम्म वैदेशिक लगानीले मात्र देशको विकास गर्छु भन्नु त्यो सर्वथा कोरा कल्पना मात्र हुने छ ।

७. मलाई लाग्छ र जुन कुरा मैले भन्दै पनि आएको छु । जहां बढी समस्या छन, चुनौती छन, बाधा अड्चन छन, त्यही बढी लगानीको अवसर हुन्छ । हाम्रो सन्दर्भमा भन्ने हो भने यतिवेला नेपाल लगानीका लागि स्वर्गभूमी छ । यहां जति लगानीको अवसर कही छैन । सस्तो श्रम, जनशक्तिको पर्याप्तता र भारत चीनका साथै आफ्नै देशको विशाल बजार नेपालमा लगानीको महत्वपूर्ण आधारहरु हुन । अलिकति सरकारका तर्फबाट गर्नुपर्ने सहयोग हुन

सक्यो र राजनीतिक दलहरुका बीच आर्थिक एजेण्डामा सहमती हुन सक्यो भने मुलुक छिटो आर्थिक मार्गमा अगाडी बढ्ने मेरो विश्वास छ ।

८. सही सोंच भएको मानिसलाई सही ठाउंमा काम गर्न अवसर दियौं भने कति ठूलो परिवर्तन आउन सक्दो रहेछ भन्ने कुरा एनइएको सीइओ घिसिङले गर्नुभएको कार्यबाट स्पष्ट भएको छ । गर्न खोज्यो भने नहुने के रहेछ भन्ने त यो एक ज्वलन्त उदाहरण हो ।

९. कुनै पनि देशको उन्नतीको आधार भनेको जनशक्तिनै हो । नेपालको कूल जनसंख्याको ६० प्रतिशत भन्दा बढी जनसंख्या सक्रिय उमेर समूहको रहेको छ । संसारका धनी देशहरुका लागि सक्रिय उमेर समूहको यूवा जनशक्तिको अभावनै मुख्य टाउको दुखाई भैरहेको छ । र उनीहरुले विभिन्न आकर्षण देखाएर त्यस्तो जनसंख्यालाई आफ्नो देशभित्र तानीरहेका छन् तर हामी भने कुनै अवसर दिन नसकेर त्यस्तो जनशक्तिलाई धमाधम श्रमका लागि बाहिर पठाईरहका छौं । उनीहरुबाट प्राप्त विप्रेषणबाट देश चलाई रहेका छौं, अर्थतन्त्र धानीरहेका छौं । बाहिर जाने जनसंख्या हेरेर, उनीहरुको मनोविज्ञान वुझेर  विश्लेषण गर्ने हो भने हामी यो निष्कर्शमा पुग्दछौ कि उनीहरुले आफ्नो भविष्य बाहृय देशमै सुरक्षित देख्न थालि सकेका छन् । हाम्रो परनिर्भरताको मात्रा निकै बढेको छ । विप्रेषणले मात्र अर्थतन्त्र धान्ने र देश जेनतेन चलाउने हो भने त ठिकै होला तर समृद्धिको मार्गमा देशलाई लैजाने हो भने यो स्थितिलाई कहाली लाग्दो स्थितिनै भन्नु पर्दछ । यसर्थ सरकारले तत्काल के गर्दा हुन्छ यूवा जनशक्तिलाई स्वदेशभित्रै काम गर्ने वातावरण

वनाई दिन सकिन्छ त्यसतर्फ रणनीतिक योजना अगाडी सार्न हामी गम्भीर आग्रह गर्दछौं । सरकार निजी क्षेत्र बीचको सहकार्यमा देशभित्रै रोजगारीका अवसरहरु सृजना गर्ने उपयुक्त वातावरण निर्माणका लागि सहकार्य गर्न र यसै मंचमार्फत म सरकार समक्ष प्रस्ताव समेत राख्दछु ।

१०. नेपालको आर्थिक विकासको अर्को महत्वपूर्ण आधार भनेको पर्यटननै हो । यदि पर्यटन प्रवर्द्धन मार्फत मुलुकको समृद्धि चाहने हो भने सिंगो नेपाललाईनै एक पर्यटन प्याकेजको रुपमा विकास गरी आक्रामक योजनाहरु ल्याउनै पर्दछ । सरकारले केही महत्वपूर्ण पूर्वाधार बनाई दिन सक्यो भने बांकी कार्य गर्न निजी क्षेत्र तयार छ । काठमाडौं-निजगढ फाष्ट ट्रयाक, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्यलाई तत्काल शुरु गर्ने, एकमात्र अन्तराष्ट्रिय विमानस्थलको विस्तार एवं स्तरोन्नतीको कामलाई युद्धस्तरमा अगाडी बढाउने र नेपाल भ्रमणमा आउने पर्यटकहरुको लागि नेपाल सुरक्षित गन्तव्य हो भन्ने सन्देश world wide दिन सरकारले काम गर्नैपर्छ । हुनत नेपाल पर्यटन बोर्डले Nepal Promotion अन्तरगत संसारका प्रख्यात संचारमाध्यमहरु BBC, Trip Advisor, Ryoters मार्फत कार्यक्रम अगाडी बढाउन थालेको सुन्न पाउंदा अत्यन्त खुशी लागेको छ । पूर्वाधार निर्माण र शान्ति सुरक्षाको सुनिश्चितता र विश्वभर नेपालको पर्यटन प्रवर्द्धनका वारेमा सरकारले सहयोग गर्ने हो भने छोटो समयमै पर्यटन क्षेत्र मार्फत मुलुकको समृद्धि गर्न सकिने हाम्रा दृढ विश्वास छ ।

**अव म धन्यवादको क्रमलाई अगाडी बढाउने अनुमति चाहान्छु,**

११. आज सम्मानित हुने राष्ट्रका लागि आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण योगदान दिनुहुने व्यक्तित्वहरुलाई विशेष धन्यवाद सहित उहांहरुबाट आगामी दिनमा अझ बढी योगदान मुलुकले पाउने हाम्रो विश्वास छ ।

१२. महासंघका पूर्व अध्यक्षज्यूहरु जो आज यस समारोहमा सम्मानित हुनु भयो उहांहरुबाट महासंघलाई आगामी दिनमा निरन्तर अगाडी बढाउन अभिभावकीय सहयोग पाउने अपेक्षा हामीले गरेका छौं ।

१३. त्यसैगरि आर्थिक पत्रकारको पेशागत क्षमता विकास गर्ने अभिप्रायले गत वर्षदेखि शुरुवात गरिएको एफएनसिसिआई आर्थिक पत्रकारिता पुरस्कार यस वर्ष आर्थिक पत्रकार स्वर्गीय संजय न्यौपानेलाई मरणोपरान्त प्रदान गरियो । स्वर्गीय न्यौपानेकी श्रीमती राधिका न्यौपानेज्यूलाई यो पुरस्कार हस्तान्तरण गर्न पाउंदा हाम्रा तर्फबाट स्वर्गीय न्यौपानेको कदर गर्‍यौकी भन्ने हामीलाई लागेको छ ।

१४. आफ्नो कार्य व्यस्तताको बावजूद पनि महासंघको निमन्त्रणालाई स्वीकार गरी हामी माझ पाल्नु भई यस सभाको प्रमुख आतिथ्यता ग्रहण गर्नुका साथै निजी क्षेत्रलाई मार्ग निर्देश गर्नु भएकोमा सम्मानीय प्रधानमन्त्रीज्यूमा पुनः एक पटक हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछु ।

१५. यो साधारण सभालाई सफलतापूर्वक सञ्चालन गर्नका लागि धेरै संस्था र प्रतिष्ठानले सहयोग प्रदान गरेका छन् । साधारण सभाको लागि हल उपलब्ध

गराई सहयोग गर्ने  प्रज्ञा प्रतिष्ठान, कार्यक्रमको मञ्च व्यवस्थापन लगायत उद्घाटन सत्रको अन्य कार्यक्रम संयोजनमा सहयोग पुऱ्याउने प्रिज्जमा एडभरटाईजिङ्ग प्रा.लि लगायतकालाई धन्यवाद दिन चाहान्छु ।

१६. अन्तमा, साधारण सभालाई सफलता पूर्वक सम्पन्न गर्न अहोरात्र खट्नु भएका महासंघका कर्मचारी साथीहरुलाई विशेष धन्यवाद दिंदै मेरो मन्तव्य यही बीट मार्दछु ।

धन्यवाद,

चैत्र २८, २०७३, काठमाडौं ।